# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

### राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) तर्फको शैक्षिक योग्यता स्पष्ट पारिएको सूचना

**सूचना नं ७१४/०७१-७२**

मिति २०७१।१०।२८ मा गोरखापत्रमा प्रकाशित आयोगका सूचना तथा विज्ञापनहरुको शैक्षिक योग्यता सम्बन्धमा देहाय बमोजिम हुनपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. मिति २०७१।१०।२८ गोरखापत्रमा प्रकाशित आयोगका सूचना तथा विज्ञापनहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यताहरुमध्ये आ.प्र. को लागि तोकिएको शैक्षिक योग्यताको क्र.सं. ८ को बुँदा नं. (घ) लाई हटाइएको छ।

२. खुला तर्फका शैक्षिक योग्यताहरु अन्तर्गत क्र.सं. ४५ पछि उल्लेख गरिएको **द्रष्टव्यः** मा *"कृषि सेवा अन्तर्गतका विभिन्न समूहको न्यूनतम शैक्षिक योग्यता मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्रको खण्ड ६२ संख्या ३६ भाग ५ को स्पष्टीकरणमा उल्लेख भए अनुसार "शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडी सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लिखित व्यवस्था अनुसार नै हुनेछ"*

३. खुला तर्फका शैक्षिक योग्यताहरु अन्तर्गत क्र.सं. ५७ मा **शिक्षा, पुरातत्व, पुरातत्व (सहायक पथप्रदर्शक) पदको लागिः-** *"मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृति विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको वा आई.ए. पास गरी फ्रेञ्च, जर्मन, जापानिज, इटालियन, स्पेनिस भाषामध्ये कुनै एक भाषाको प्रमाणपत्र प्राप्त"*